चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

बैठक मितिः २०८१/०९/१४ | बैठक सङ्ख्याः ०८

बैठक प्रारम्भ समयः ११:०० बजे | बैठक समापन समयः ०१:०० बजे

---

आज मिति २०८१/०९/१४ गते बसेको गाउँ कार्यपालिका बैठकको उपस्थिति यस प्रकार रहेको छः-

| क्र.सं. | पद | दर्जा | पदाधिकारीको नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | अध्यक्ष | पासाङ नुर्बु शेर्पा | | |
| २. | सदस्य | उपाध्यक्ष | मनकला राई | | |
| ३. | सदस्य | वडाध्यक्ष | पूर्ण कुमार राई | | |
| ४. | सदस्य | वडाध्यक्ष | दिनेश कुमार राई | | |
| ५. | सदस्य | वडाध्यक्ष | जित बहादुर राई | | |
| ६. | सदस्य | वडाध्यक्ष | बाल कुमार तामाङ | | |
| ७. | सदस्य | वडाध्यक्ष | चन्द्रवीर राई | | |
| ८. | सदस्य | सदस्य | राजेन्द्र घले | | |
| ९. | सदस्य | सदस्य | इन्द्र बहादुर राई | | |
| १०. | सदस्य | सदस्य | पुष्पा राई | | |
| ११. | सदस्य | सदस्य | जुल्मी राई | | |
| १२. | सदस्य | सदस्य | तारा कुमारी विश्वकर्मा | | |
| १३. | सदस्य-सचिव | प्र.प्र.अ. | सन्तोष राई | | |
| १४. | आमन्त्रित सदस्य | कम्प्युटर अपरेटर | उमेश घले | | |

चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/०३/१४ बैठक सङ्ख्याः ०८
बैठक प्रारम्भ समयः ७:०० बजे बैठक समापन समयः ११:०० बजे

---

आजका दिन बसेको यस कार्यपालिका बैठकले कार्यसूचीका आधारमा छलफलबाट गरिएका सर्वसम्मत निर्णयहरूको मुख्य व्यहोरा निम्न बमोजिम छन्:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णयहरूको समीक्षा गरियो ।

२. चालु आ.व.२०८१/०८२ मा कोशी प्रदेश सरकारबाट चिचिला गाउँपालिकाको चिचिला-मत्स्यपोखरी-देविटार सडक अन्तर्गत "ओराङ खोलामा पुल निर्माण चिचिला गा.पा. ४ र ५" शीर्षकमा रु.१०(दश) लाख स्वीकृत भएकोमा उक्त रकमबाट पक्की सडक पुल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) तयार गर्नका लागि पूर्वाधार विकास कार्यालय, सङ्खुवासभा मार्फत कोशी प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

३. चालु आ.व.२०८१/०८२ मा कोशी प्रदेश सरकारबाट "भ्याङखोला वरपिपल हुँदै सोभाङ्मा बास्तला हुँदै सोलाखानीसम्म सडक स्तरोन्नति, चिचिला, सङ्खुवासभा" शीर्षकमा रु.२० (बीस) लाख विनियोजन भएकोमा उक्त रकमबाट खाँदबारी नगरपालिका वडा नं.११ र चिचिला गाउँपालिकाको चिचिला गाउँपालिका वडा नं.२ को सीमाना भोटिनी खोलादेखि कम्तीमा पाँच मिटर चौडाई सडक सोलिङ गरिदिनका लागि शहरी विकास तथा भवन कार्यालय, धनकुटामा अनुरोध गर्ने ।

४. चिचिला गाउँपालिकाको आ.व.२०८१/०८२ को लागि स्वीकृत भएको कार्यक्रम "ज्येष्ठ नागरिक सम्मान" कार्यक्रमको मापदण्ड स्वीकृत गर्ने ।

५. उत्तर-दक्षिण कोशी सडकसँग जोडिएका चिचिला गाउँपालिकाका देहाय बमोजिमका सडकहरू कालोपत्रे गरिदिनका लागि उत्तर दक्षिण कोशी सडक आयोजनासँग अनुरोध गर्ने:

(क) उत्तर-दक्षिण कोशी सडक देखि चिचिला गाउँपालिकाको कार्यालय परिसरसम्म (करिब १०० मिटर), कृषि विकास शाखा,

(ख) छ्याङ्गुटी-भातेखोला-२ नं वडा कार्यालय सडक,

(ग) चिचिला-तर्खे सडक,

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/०५/१४ बैठक सङ्ख्याः ०८

बैठक प्रारम्भ समयः ७:०० बजे बैठक समापन समयः ११:०० बजे

(क) वडा नं.४ र ५ को बीचमा रहेको ओराङ खोलाको कलभर्ट पहिरोले बगाएको,

(ख) वडा नं.१ र २ को सीमानामा रहेको कागुवा खोलामा ह्युम पाईप र ग्याबिन जालीद्वारा निर्माण गरिएको कज वे बाढीले बगाएको,

(ग) वडा नं.१ मा रहेको छ्याङखोलामा रहेको कलभर्ट पहिरोले बगाएको,

(घ) वडा नं.३ मा डाँडागाउँ-३ नं. वडा कार्यालय सडक अन्तर्गत आइतबारे खोलामा ह्युमपाईप राखिएको स्थान बाढीले सडक बगाएको,

(ङ) वडा नं.४ मा भिङ्गुमा-खोलाघारी सडकलाई बाढीले क्षति पुऱ्याएको साथै बस्तीलाई जोखिममा पारेको,

(च) धजे हलहलेखोलामा पहिरोको सम्भाव्य जोखिम रहेकोले तटबन्धन लगाउनु पर्ने अवस्था रहेको ।

१०. उत्तर-दक्षिण कोशी सडक आयोजनाको निर्माण कम्पनी श्री शर्मा-शिव शक्ति जे.भी.ले चिचिला गाउँपालिका वडा नं.४ स्थित फेञ्जुङ खेलग्रामको खेलमैदान प्रयोग गर्नका लागि अनुमति माग गरेको हुँदा देहाय बमोजिमको शर्त सहित सम्झौता गरी एक वर्षका लागि प्रयोग गर्न दिनेः-

(क) खेलमैदानमा रातो माटो बिच्छ्याएर ग्रेडर र रोलर लगाई सम्याई दिने,

(ख) फुटबल, भलिबल खेलका आवश्यक गोल पोष्ट तथा नेट पोष्ट राखी ढलान गरिदिने,

(ग) खेलमैदानको कुना भागमा ड्रेन बनाईदिने,

(घ) खेलमैदानको कम्पाउण्डमा हालिएको जाली भत्के बिग्रेको खण्डमा बनाईदिने,

(ङ) मकालु हिरक पार्क जाने बाटो ग्राभेल गरिदिने,

(च) कसाने पोखरी धार्मिक वनभित्र माने निर्माण गर्नका लागि आवश्यक ग्राउण्ड निर्माण गरिदिने ।

११. यही मिति २०८१ पौष १७ गते बिहान ८ बजे कोशी प्रदेश सभाका सदस्य मा.राजेन्द्र कार्कीज्यू जनप्रतिनिधि, स्थानीयबासीसँग छलफल र अन्तरक्रियाका लागि आउने तय भएको हुँदा सम्बन्धित वडाका वडाध्यक्षहरूले आफ्ना वडाका वडा सदस्य, टोल विकास संस्थाका अध्यक्ष, राजनीतिक दलका प्रतिनिधहरूलाई सूचना सम्प्रेषण गर्ने ।

१२. दक्षिण कोरियामा रहेका आप्रवासी नेपालीहरूको संस्था "सङ्खुवासभा सम्पर्क परिवार, दक्षिण कोरिया" ले चिचिला गाउँपालिकाका विद्यार्थीहरूलाई उपलब्ध गराउने छात्रवृत्ति मिति २०८१ पौष १६ गते वितरण गर्ने तय भएको हुँदा उक्त संस्थालाई गाउँपालिकाको तर्फबाट सम्मान पत्रद्वारा सम्मानित गर्ने ।

१३. चिचिला गाउँपालिका वडा नं.४ मच्छे टोल बस्ने जगत बहादुर गुरुङकी श्रीमती पवित्रा गुरुङको दुवै मृगौलामा घाउ साथै कलेजो रोगबाट पीडित भइ जिल्ला अस्पताल सङ्खुवासभा, खाँदबारीमा उपचार हुन नसकी रिफर भई नोबेल अस्पताल, विराटनगरमा उपचार गरी घर आएको तर फेरि उपचारका लागि जानुपर्ने भएको र निजको घरको आर्थिक अवस्था ज्यादै नाजुक भएकोले आर्थिक सहयोग उपलब्ध गराउनका लागि ४ नं. वडा कार्यालयको च.नं.२९४ मिति २०८१.०८.१६ गतेको पत्रबाट लेखी आएको हुँदा आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७५ को दफा ४ को उपदफा (२) बमोजिम रु.१५,०००।–(पन्ध्र हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।